२०८१ सालको कार्यविधि नं. १८

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः १८ मितिः२०८१।१०।०२

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को पाँचौ संशोधन कार्यविधि, २०८१

**प्रस्तावनाः**
हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि संशोधन गरी जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम "हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को पाँचौ संशोधन कार्यविधि, २०८१" रहेको छ ।

२. **दफा ३ को उपदफा ४ थपः** दफा ३ को उपदफा (४) मिति २०७७/०७/२५ देखी नवीकरण हुन बाँकी रहेका "घ" वर्गका निर्माण व्यवसायीलाई मिति २०८२/०१/०१ सम्मको नविकरण अवधि तोकी अनुसूची-२ बमोजिम लाग्ने दस्तुरमा थप रु.३०,०००।- (तिस हजार) दस्तुर लिई नवीकरण गर्ने गरि

हेटौंडा राजपत्र

सूचना प्रकाशन गर्ने सो अवधिसम्म नविकरण हुन नआउने "घ" वर्गका निर्माण व्यवसायीको ईजाजत पत्र स्वतः खारेज भएको मानिनेछ। मिति २०८२/०१/०१ पछिको सम्पूर्ण प्रकिया दफा ३ र ४ वमोजिम नै हुनेछ ।

३. **अनुसूची-५ को सि.नं. ३ संशोधनः** अनुसूची-५ को सि.नं. ३ "घ" वर्गको नयाँ इजाजत पत्र उपलब्ध गराउँदा आवश्यक उपकरणमा ट्रिपर वा ट्याक्टर (एक थान) मिक्चर एक थान Theodolite/level Machine (एक थान) वाटर पम्प (तिन थान) भाइब्रेटर (तिन थान) कम्पनीको नाममा भएको वा "घ" वर्गको निर्माण व्यावसायिक संस्था वा कम्पनीले उल्लेखीत उपकरण ५ वर्ष सम्म बेचबिखन गर्न नपाउने गरि लिखित सम्झौता सहित पेश हुन आएमा नयाँ दर्ता गर्न वाधा पर्ने छैन । साथै नामसारी, ठाउँसारी, प्रोपाइटर परिवर्तन लगायतका काममा समेत नयाँ दर्ताको प्रावधान नै कार्यन्वयनमा ल्याइनेछ ।

**आज्ञाले**

**सूर्य प्रसाद गौतम**

**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र